साझा सेवा
(सहकारी संस्था लि.)
ा नं ६४
ति. २०६३।०५।२०

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय बबरमहल
(आपूर्ति तथा वितरण विभाग)

पत्र संख्या :- आ.वि.( २३२ ) २०७९।०८० च.नं. १२८६

मिति:२०७९।०५।१९

साझा सेवा(सहकारी संस्था) लि.
स्थायी लेखा नम्बर (३०००४९११८)
काठमाण्डौं ।

विषय :- नयाँ निजी टैंकट्रक बनाउने स्विकृति दिईएको बारे ।

उक्त सम्बन्धमा तहाँको काठमाण्डौ,ललितपुर,भक्तपुर र काभ्रे जिल्लामा रहेका पेट्रोल पम्पमा निगमको थानकोट डिपोबाट पेट्रोलियम पदार्थ निजी ढुवानी गर्नको लागि २० किलि. क्षमताको नेपाली नम्बरको नयाँ टैंकट्रक राख्न पाउँ भनि दिएको निवेदन उपर कारवाही हुँदा निगमको मिति २०७९।०५।१४ को निर्णय बमोजिम २० किलि. क्षमताको २ थान नयाँ टैंकट्रक निर्माण गर्न स्वीकृती दिइएको छ। उक्त टैंकर निर्माण गर्दा भारतीय एक्सप्लोसिभको Norms अनुसार तथा देहाय बमोजिमका क्राइटेरिया पुरा गरी स्विकृत भएको मितिले ९ महिना भित्र सम्पूर्ण फेब्रिकेशन कार्य सम्पन्न गरी संचालनको लागि आवश्यक कागजातका साथ यस विभागमा सम्पर्क गर्नु होला। निगमको हालको ढुवानी नियमावली र भविष्यमा संशोधन हुने ढुवानी नियमावलीको शर्तहरू तथा निगमले दिएको निर्देशनहरू समेत पालना गर्ने गरी नयाँ टैंकट्रक निर्माण गर्ने स्वीकृति दिईएको व्यहोरा निर्देशानुसार जानकारी गराईको छ।

अनुसूची - २

( विनियम ५ को उपविनियम (२) संग सम्बन्धित )

टैंकट्रक बनाउँदा पुरा गर्नु पर्ने शर्तहरू ( Criteria )

(१) टैंक ट्रकहरूको मोडल निगमबाट स्वीकृती प्राप्त गरेको वर्षको मोडल ( ईस्वी सम्वत वा विक्रम सम्वत ) लाई मान्यता दिनेछ ।
(२) जसको नाममा टैंकट्रक राख्न स्वीकृती भएको हो उसैको नाममा मात्र सम्झौता गरिने छ ।
(३) अनिवार्य रूपमा सेतो रंगमा Epoxy Paint (इपिकोट) गर्नु पर्नेछ।
(४) रोड परमिट हुनु पर्ने छ ।
(५) डिपहोल मेनहोलको बीचमा हुनु पर्नेछ।
(६) वर्निङ्ग लाईट हुनुपर्नेछ ।
(७) मेनहोल कभर टैंकट्रकको च्याम्बरको बीचमा हुनु पर्नेछ।
(८) टैंक ट्रकको नक्सा हुनु पर्नेछ ।
(९) स्वीकृत एक्सप्लोसिभ लाइसेन्स हुनु पर्ने।
(१०) कर तिरेको वा तिर्ने प्रमाण हुनु पर्नेछ ।
(११) स्पार्क एरेष्टर हुनु पर्ने।
(१२) ५ मिटर लामो अर्थिङ वायर विथ क्रोकोडाइल क्लिप हुनु पर्नेछ।
(१३) डवल पोल वाईरिङ हुनु पर्नेछ।
(१४) सेल्फल स्टार्टर हुनु पर्नेछ ।
(१५) इमरजेन्सी भल्भ हुनु पर्नेछ।
(१६) उपयोग गर्न सकिने अग्नि नियन्त्रक यन्त्र (DCP Fire Extinguisher) हुनु पर्नेछ ।
(१७) लिक प्रुफ मेनी फोल्ड भल्व हुनु पर्नेछ।
(१८) वल प्लग हुनु पर्नेछ ।
(१९) मेनहोल कभर हुनु पर्नेछ।
(२०) रवर होज पाईप ( नेउप्रेन) हुनु पर्नेछ ।
(२१) सबै वाइरिङ फ्लेम प्रुफ हुनु पर्ने।
(२२) फिल पाईप र डिप पाईप परफोरेटेड हुनु पर्नेछ।
(२३) फ्युजिवल लिंक हुनु पर्नेछ।
(२४) फ्यूल टैंक गार्ड हुनु पर्नेछ ।
ब्याट्री तथा ब्याट्री टर्मिनल सुरक्षित तरवले राख्नु पर्नेछ ।
(२६) टैंक ट्रकका‍‍ँचे साथ कम्तीमा २ थान Aluminium को बाल्टिन हुनुपर्नेछ ।
(२७) टैंकट्रक बनाउँदा चार वा पाँच चेम्बरको हुनु पर्नेछ। (टैंकट्रक र केविनको डिजाईन तथा नाप ड्रईङ्ग बमोजिम हुनु पर्नेछ।)
(२८) टैंक ट्रकको बीमा भएको पोलिसी पेश गर्नु पर्नेछ ।
(२९) स्वीकृत प्राप्त सबै टैंकट्रकहरू म्याद भित्र निर्माण गरी पेश गरेपछि मात्र निगमले एकै साथ करार सम्झौता गर्नेछ।
(३०) टैंक ट्रकको बाहिरी भागमा निगमले उपलब्ध गराएको नमूना बमोजिम रङ्गरोगन हुनु पर्नेछ ।
(३१) Locking System जडान भएको हुनु पर्नेछ ।
(३२) अन्य कुनै आधुनिक प्रविधिको विकास भएमा सो अनुसार भएको हुनु पर्नेछ ।
(३३) Anti Brake System (ABS) हुनु पर्नेछ ।

संचालन हुने रूट निजी ढुवानी

५।१९

( ई.विनित मणि उपाध्याय )
उप-निर्देशक

बोधार्थ तथा कार्यार्थ :-

श्री नेपाल आयल निगम लि.
अर्थ विभाग,टेकु : मिति २०७९।०५।१५ गतेको रा.वा.बैंकको भौचरबाट निगमको के.का.को रसिद नं ५३२ रू ३०,०००।- जम्मा गरेको ।

श्री नेपाल आयल निगम लि.
गुणस्तर नियन्त्रण तथा अनुगमन विभाग, ।

श्री नेपाल आयल निगम लि
बागमती प्रादेशिक कार्यालय ,थानकोट : नयाँ टैंकट्रक निर्माण भई आएपछि उक्त टैंकट्रकको सेक्यूरिटी लकिङ्ग सिस्टम लगायत रंगरोगन, इपिकोट एवं फिटिङ्गसलाई विशेष ध्यान दिई चेक जाच गरी / गराई लोड दिनुहुन। साथै टैंक ट्रक निर्माण गर्दा निगमको पेट्रोलियम पदार्थ ढुवानी नियमावली, २०७३ (तेश्रो संशोधन समेत) को अनुसूचि २ अनुसारको हुनु पर्नेछ।

D:\Niji New TT Swikriti Letter.docx